आज मिति २०८२/११/१७ गते आईतवारका दिन ~~बिहान ११:००~~ दिउँसो २:०० बजे चक्रघट्टा गाउँपालिकाको सभाहलमा गाउँपालिका अध्यक्ष श्री कृष्ण कुमार यादव ज्यूको अध्यक्षतामा बैठक बसी तपसिल अनुसारको पदाधिकारीहरुको उपस्थितिमा बुँदागत छलफल गरी निम्नानुसार निर्णय गरियो ।

<u>तपसिल :</u>

| | |
|---|---|
| श्री कृष्ण कुमार यादव | अध्यक्ष |
| श्री मिना देवी राय | उपाध्यक्ष |
| श्री राम सुरेश राय (वडाध्यक्ष वडा नं. १) | सदस्य |
| श्री विनोद कुमार राय (वडाध्यक्ष वडा नं. २) | सदस्य |
| श्री दिनेश कुमार साह (वडाध्यक्ष वडा नं. ३) | सदस्य |
| श्री फैयाज अहमद (वडाध्यक्ष वडा नं. ४) | सदस्य |
| श्री नागेन्द्र प्रसाद साह (वडाध्यक्ष वडा नं. ५) | सदस्य |
| श्री राजेश कुमार यादव (वडाध्यक्ष वडा नं. ६) | सदस्य |
| श्री नविन कुमार राय (वडाध्यक्ष वडा नं. ७) | सदस्य |
| श्री रामकैलाश राउत (वडाध्यक्ष वडा नं. ८) | सदस्य |
| श्री विजय कुमार यादव (वडाध्यक्ष वडा नं. ९) | सदस्य |
| श्री ईन्द्रकला देवी | सदस्य |
| श्री रिता कुमारी | सदस्य |
| श्री शोसिला कुमारी यादव | सदस्य |
| श्री श्याम कुमारी राम | सदस्य |
| श्री फेकु साह कानु | सदस्य |
| श्री राकेश ठाकुर (लोहार) | सदस्य |
| श्री रामबाबु प्रसाद कुशवाहा (प्रमुख प्रशासकीय अधिकृत) | सदस्य सचिव |

आमन्त्रित :

श्री दुर्गानन्द कुमार यादव (योजना शाखा)

श्री राजिव महतो (लेखा प्रमुख)

CamScanner

प्रस्तावहरु :

१. कार्यपालिकाको निर्णयको समिक्षा सम्बन्धमा ।

२. विशेष गाउँसभा गर्ने सम्बन्धमा ।

३. विद्यालयको भौतिक निर्माण अनुदान सम्बन्धमा ।

निर्णयहरु :

१. प्रस्ताव नं. १ माथि छलफल गर्दा चालु आ.व. २०८२।०८३ मा यस अधि भएको कार्यपालिकाको पूर्व निर्णयहरुलाई समिक्षा गर्दा कार्यपालिकाको निर्णय कार्यपालिकाको कार्यालयबाट सबै सरोकारवालाहरुको संलग्नतामा कार्यान्वियन भई रहेकोले निर्णय कार्यान्वियन संतोषजनक रहेको निर्णय गरियो ।

२. प्रस्ताव नं. २ माथि छलफल गर्दा आ.व. २०८२।०८३ को लागि १५ औं गाउँसभाबाट पारित योजना तथा कार्यक्रमको समिक्षा तथा केही संशोधन गर्नुपर्ने भएकोले स्थानीय सरकार संचालन ऐन २०७४ को दफा १९ बमोजिम मिति २०८२।१२।०१ गते विशेष गाउँसभा गर्ने निर्णय गरियो ।

३. प्रस्ताव नं. ३ माथि छलफल गर्दा गाउँ शिक्षा समितिको मिति २०८२।११।१७ गते निर्णयानुसार संघीय सशर्त कार्यक्रम क्रियाकलाप नं. ११.१.२.४१५५ बमोजिम "निर्मित गुरुयोजनाको आधारमा स्थानीय तहको साझेदारीमा विद्यालयको भौतिक निर्माण अनुदानका लागि सिफारिश भएका श्री जनता प्राथमिक विद्यालय चक्रघट्टा ४ सुन्दरपुर नयाँ बजारलाई ४ कोठे भवन निर्माण कार्यको लागि संघीय सशर्तबाट रु. ५५ लाख र स्थानीय तहको सम्पूरक अनुदानबाट रु. ५ लाख ५० हजार गरी जम्मा रु.६० लाख ५० हजार अनुदान उपलब्ध गराउने निर्णय गरियो ।